नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

# परियोजना कार्यान्वयन एकाइ, नुवाकोट

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र

सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

२०८० बैशाख, जेठ र असारमा सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

परियोजना कार्यान्वयन एकाइ, नुवाकोट

विदुर न.पा.-१, ढुङ्गे, नुवाकोट

**स्वतः प्रकाशन (Proactive Disclosure)**

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ। यसका लागि ऐन र नियमावलीमा विभिन्न शीर्षक उल्लेख गरिएका छन्। सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्न यस परियोजना कार्यकन्वयन एकाइ, नुवाकोटले २०८० बैशाख देखि असार महिनाको अवधिमा सम्पादित प्रमुख कार्यहरू प्रकाशित गरेका छौं ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, नुवाकोट

मितिः २०८० साउन ५

## विषयसूची


| | | |
|---|---|---|
| १. | कार्यालयको स्वरुप र प्रकृति | १ |
| २. | परियोजना कार्यान्वयन एकाइको जिम्मेवारी | ५ |
| ३. | परियोजना कार्यान्वयन एकाइ, नुवाकोटको संगठन संरचना तथा कर्मचारी विवरण | ६ |
| ४. | कार्यालयबाट प्रदान गरिने सेवा | ८ |
| ५. | सेवा प्रदान गर्ने शाखा, सेवा प्राप्त गर्न लाग्ने दस्तुर, अवधि तथा जिम्मेवार अधिकारी | १३ |
| ६. | सम्पादन गरेको कामको विवरण | १५ |
| ७. | कार्यालयको वेवसाईट, सामाजिक सञ्जाल, सूचना अधिकारी तथा कार्यालय प्रमुखको नाम र पद | १९ |
| ८. | ऐन, नियम वा निर्देशिकाको सूची | २० |
| ९. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | २० |
| १०. | सूचनाको हक अन्तर्गत सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय | २० |

# १. कार्यालयको स्वरुप र प्रकृति

## १.१ पृष्ठभूमि

कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको व्यवस्था, बाली र वस्तु उत्पादनमा यान्त्रिकीकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था लगायतका क्रियाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पना सहित स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना आ.व. २०७३/७४ देखि आ.व. २०८२/८३ सम्म १० वर्ष अवधिको लागि लागू भएको छ। परियोजनाको कूल लागत १ खर्ब ३० अर्ब रुपैयाँ प्रक्षेपण गरिएको छ।

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोचका साथ सञ्चालन भएको यस परियोजनाको लक्ष्य समग्र मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण र दिगो आर्थिक अवसरहरु सृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्‍याउने रहेको छ।

## १.२ परियोजनाको सोच, लक्ष्य एवं उद्देश्य

### १.२.१ सोच

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने परियोजनाको सोच रहेको छ।

### १.२.२ लक्ष्य

समग्र कृषि मूल्य श्रृङ्खलाका अवयवहरुको एकीकृत संयोजन र परिचालनमार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण उन्मुख दिगो आर्थिक अवसरहरु श्रृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने परियोजनाको लक्ष्य रहेको छ।

### १.२.३ परियोजनाको उद्देश्यहरु

यस परियोजनका देहाय बमोजिमका उद्देश्यहरु रहेका छन्:-

(क) प्रमुख कृषि उपजहरुको विशिष्टिकृत क्षेत्रहरु निर्माण गर्ने,

(ख) निर्यात योग्य कृषि वस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,

(ग) कृषिलाई सम्मानजनक नाफामूखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृर्जना गर्ने र

(घ) बहुसरोकारवाला निकायहरुबीचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

## १.३ परियोजनाका संभागहरु

यस परियोजना अन्तर्गत देहाय बमोजिमका सम्भागहरु रहेका छन्:-

(क) साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम।

(ख) व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम।

(ग) व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम।

(घ) वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर जोन) विकास कार्यक्रम।

यी संभागहरुमा कृषि सामग्री आपूर्ती व्यवस्थापन, यान्त्रिकीकरण सहयोग, भौतिक पूर्वाधार सहयोग, अनुसन्धान-शिक्षा-प्रसार सुदृढीकरण सहयोग, कृषि आधुनिकीकरणका लागि विज्ञहरुको सेवा, कृषिजन्य उद्योगहरु स्थापना, प्रतिफलमा आधारित प्रोत्साहन अनुदान लगायतका कार्यक्रम सञ्चालन गरिने परियोजना दस्तावेजमा उल्लेख भएको छ।

## १.४ परियोजना मार्फत कृषिको आधुनिकीकरण

पछिल्लो समय नेपालको समग्र कृषि क्षेत्रमा केही आधुनिकीकरणका संकेत र परिदृश्यहरु देखिएका छन्। उन्नत कृषि सामग्री तथा प्रविधिको प्रयोग, यान्त्रिकीकरण, बजारमा आधारित कृषि उपज उत्पादन तथा वितरण, कृषि फर्मको नाफा नोक्सानको हिसाब राख्ने प्रचलन आदिलाई कृषि क्षेत्रको समग्र आधुनिकीकरणका प्रारम्भिक संकेतको रुपमा लिन सकिन्छ। कृषि क्षेत्रमा बढ्दो निजी लगानी यसको अर्को संकेत हो। हाल कृषि क्षेत्रको आधुनिकीकरणको प्रक्रिया थालनी भएतापनि समग्र ग्रामीण कृषि अर्थतन्त्रलाई रुपान्तरण गर्ने गरी यो प्रक्रिया तीव्र र वाह्य परिवेश सापेक्ष हुन सकेको छैन। कृषि क्षेत्रको समग्र आधुनिकीकरणको प्रक्रियालाई तीव्र पार्न र बाह्य परिवेशसँग सामन्जस्यता ल्याउन आधुनिक कृषिका आयामहरुलाई समावेश गरी आधुनिकीकरणको प्रक्रियाको थालनी गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन गरिएको छ।

## १.५ रणनीति

### १.५.१ भूमिको वैज्ञानिक उपयोग

भूमिको वैज्ञानिक उपयोग तथा बाँझो जग्गा सदुपयोगको लागि माटोको उर्वराशक्ति र बालीको उपयुक्तता अनुसार मुख्यत: देहाय बमोजिम चक्लावन्दी कार्यक्रमलाई प्राथमिकता दिईनेछ:-

(क) सहकारी खेती

(ख) करार खेती

(ग) कबुलियती (लिज) खेती

(घ) स्वेच्छिक रुपमा चक्लावन्दीमा आवद्धता

### १.५.२ आधुनिक कृषि प्रविधिको अवलम्बन

आधुनिक कृषि उत्पादन सामग्री, प्रशोधन प्रविधि एवं प्रभावकारी कृषि प्रसार सेवामार्फत उन्नत र नविनतम प्रविधि अनुशरण गर्न कृषकलाई प्रेरित गरिनेछ ।यसका लागि बाली वस्तु विशेष उत्पादनका Package of Practices विकास र विस्तार गरिनेछ।

### १.५.३ कृषि यान्त्रिकीकरण

कृषिमा बढ्दो श्रम शक्तिको अभाव घटाउन र उत्पादन लागत घटाउँदै कार्य दक्षतामा अभिवृद्धि गरी कृषिलाई नाफामूखी व्यवसायको रुपमा स्थापित गर्न कृषि क्षेत्रमा यान्त्रिकीकरणको अत्यन्तै महत्व रहेको छ। यस परियोजना मार्फत परियोजनाका सबै सम्भागहरुमा बाली अनुसारका आवश्यक मेशिनरीहरुको सेट सहितको कष्टम हायरिङ सेन्टर सञ्चालन गरी यान्त्रिकीकरण प्रवर्द्धन गरिनेछ। उत्पादन केन्द्रहरु स्थापना र सवलीकरण समेतमा सहयोग पुऱ्याईने छ।

### १.५.४ पूर्वाधार विकास

कृषिको रुपान्तरणका लागि पूर्वाधार विकास तर्फ मूलतः सिँचाइ, बजार, प्रशोधन केन्द्र, खाद्य परीक्षण, माटो परीक्षण, प्लाण्ट क्वारेन्टिन प्रयोगशालाको विकासलाई यस परियोजनाले महत्व दिएको छ।

#### १.५.४.१ सिँचाइ पूर्वाधार विकास

साना सिँचाइ प्रणाली निर्माण र सञ्चालनका लागि कृषि सहकारीहरु, उपभोक्ता समूहहरुलाई प्रोत्साहन गरिनेछ। सिँचाइ नीतिको परिधि भित्र रही पकेट, ब्लक, जोन र सुपरजोनमा सिँचाइको व्यवस्थापन र सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। पकेट, ब्लक, जोन र सुपरजोनमा आधुनिक सिँचाइ प्रणालीहरु; थोपा (ड्रिप) सिँचाइ, स्प्रिङ्कलर सिँचाइ, सौर्य उर्जामा आधारित सिँचाइ आदिको स्थापना, मर्मत सम्भार तथा सञ्चालनको लागि प्रोत्साहन गरिनेछ।

#### १.५.४.२ पोष्ट हार्भेष्ट केन्द्र

सार्वजनिक निजी साझेदारीमा पोष्ट हार्भेष्ट सेवा केन्द्रहरु स्थापनाका लागि पूँजीगत अनुदानको व्यवस्था गरिनेछ। यस्ता सेवा केन्द्रहरुमा सङ्कलन केन्द्र, उपजहरुको प्राथमिक प्रशोधन, प्याकेजिङ्ग एवं भण्डारण सेवा लगायतका सेवाहरु एकीकृत रुपमा उपलब्ध हुनेछ।

#### १.५.४.३ कृषि बजार सेवा पूर्वाधारहरु

कृषि पकेट, ब्लक, जोन र सुपरजोनहरुमा सम्भाव्यताको आधारमा कृषि उपज संकलन केन्द्रहरु, हाट बजारहरु, पशु वधस्थल, वधशाला, मिटमार्ट, फिसमार्ट, एग्रीमार्ट र ठूला कृषि बजारहरुको निर्माण गर्न पूँजीगत अनुदान दिईनेछ। कृषि उपजहरुको सहज बजारीकरणका लागि कृषि बजार सूचना प्रणालीको उपयोग गरिनेछ। कृषकहरुलाई कृषि वस्तुहरुको माग, आपूर्ति, मूल्य र सम्भाव्य बजारका सम्बन्धमा सूचना प्रदान गर्नका लागि आधुनिक सूचना प्रविधिहरुको प्रयोग गरिनेछ। Plant/Food Quarantine पूर्वाधारहरुको विकास गरिनेछ। साथै, देशका विभिन्न नाकाहरुमा रहेका Plant/Food Quarantine प्रयोगशालाहरुलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप विकास एवं सुदृढीकरण गरी कृषि व्यापारलाई प्रवर्द्धन गरिनेछ।

### १.५.५ कृषि उत्पादन सामग्री

बाली उत्पादन र उत्पादकत्व वृद्धिका लागि आवश्यक गुणस्तरीय बीउ/बेर्ना, नश्ल, आहारा, रसायनिक/प्राङ्गारिक मलको सहज उपलब्धता सुनिश्चित गरिनेछ। उत्पादन वृद्धिका लागि स्थान विशेष उपयुक्त उन्नत र हाईब्रिड बीउहरु प्रयोग बृद्धि गरिनेछ। निजी र सार्वजनिक निकायहरुको सहकार्यमा गुणस्तरीय बीउ/बेर्ना उत्पादन,

वितरण र प्रशोधन गर्न प्रोत्साहन गरिनेछ। औचित्यको आधारमा परियोजना सञ्चालन हुने स्थानहरुमा निजी क्षेत्रलाई कृषि सामग्री डिपोहरु स्थापना गर्न प्रोत्साहन गरी कृषि सामग्रीहरुको उपलब्धता सुनिश्चित गरिनेछ। त्यसैगरी, गाउँपालिका/ नगरपालिकाहरुमा बहुउद्देशीय आधुनिक नर्सरीहरु स्थापना गरी आवश्यक विरुवा/बेर्नाहरुको व्यवस्थापन गरिनेछ। कृषि सामग्रीहरुको गुणस्तर सुनिश्चितताका लागि प्रयोगशाला मार्फत प्राविधिक सेवा उपलब्ध गराउनुका साथै अनुगमन तथा गुणस्तर परीक्षणका कार्यहरु सञ्चालन गरिनेछ।

उत्पादन वृद्धिका लागि हाइब्रिड बीउको उपलब्धता तथा पहुँच बढाउन National Seed Vision ले परिलक्षित गरे बमोजिम सरकारी तथा निजी क्षेत्रबाट हाईब्रिड बीउको विकास गरिनेछ। नेपाल कृषि अनुसन्धान परिषद् मार्फत विकास भएका तथा भविष्यमा विकास हुने जातहरुको Inbred line लाई निश्चित कार्यविधि बनाई सो मार्फत निजी क्षेत्रलाई हस्तान्तरण गरी बीउ उत्पादनमा सहयोग पुऱ्याउनुका साथै कृषकहरुबाट रुचाईएका हाइब्रिड जातहरुलाई दर्ता गराउन समेत आवश्यक सहयोग गरिनेछ।

### १.५.६ रासायनिक र प्राङ्गारिक मल व्यवस्थापन

परियोजना क्षेत्रमा सहकारीहरु मार्फत रासायनिक मल वितरण गर्ने व्यवस्था अवलम्बन गरिनेछ। प्राङ्गारिक मलको हकमा तोकिएको मापदण्ड अनुसार प्राङ्गारिक मल उत्पादन गर्दै आएका कम्पनी/सहकारीहरुको उत्पादनलाई पकेट, ब्लक, जोन र सुपरजोनमा बढी भन्दा बढी प्रयोग गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ। पकेट, ब्ल्क, जोन र सुपरजोनमा हाल सञ्चालित कम्पनीहरु/सहकारीहरुबाट प्राङ्गारिक तथा जैविक मल उपलब्ध गराउन नसक्ने अवस्था रहेमा थप कम्पनी/सहकारीहरुबाट प्राङ्गारिक मलको गुणस्तर सुनिश्चित गर्न नेपाल सरकारले तोकेको गुणस्तर मापदण्ड अनुसार विक्री वितरण गर्न उत्पादन, प्रशोधन र प्याकेजिङ्गमा अनुदान सहयोग गर्न सकिनेछ।

### १.५.७ उत्पादन प्रविधि

उत्पादनका Package of Practices विकास र प्रसारका लागि प्रत्येक विशिष्टिकृत उत्पादन क्षेत्रमा कम्तीमा १ हेक्टर क्षेत्रफलमा उन्नत प्रविधि प्रदर्शन तथा सिकाइ केन्द्र (Demonstration and Learning Center) विकास गरिनेछ। कृषि, पशुपन्छी तथा मत्स्य उत्पादनका विभिन्न प्रविधिहरुको प्रभावकारी प्रसार तरिकाहरु जस्तै सहभागितात्मक प्रदर्शनको अवलम्बन तथा प्रविधि प्रसारका लागि सूचना प्रविधिको समेत उपयोग बृद्धि गरिनेछ। यस्ता प्रविधिहरुको प्रसार र अवलम्बनका लागि सहभागितात्मक व्यवसायिक उत्पादन प्रविधि प्रदर्शन र स्थलगत व्यवहारिक तालिमहरुको माध्यम अवलम्बन गरिनेछ।

### १.५.८ कृषि अनुसन्धान, शिक्षा र प्रसार

कृषि अनुसन्धान केन्द्रहरु/फार्म केन्द्रहरु सुदृढीकरण र सवलीकरण गरिनेछ। यस्ता अनुसन्धान केन्द्रहरुलाई विशिष्टिकृत क्षेत्रहरुको भूगोल र बाली उपयुक्त Basic and Adaptive Research मा केन्द्रित गर्नका लागि आवश्यक सुधारका लागि सहयोग उपलब्ध गराईनेछ र विद्यमान फार्म/केन्द्रहरुबाट उक्त विशिष्टकृत क्षेत्र लगायत कमाण्ड क्षेत्रमा सेवा विस्तारका लागि आवश्यक बीउ/बेर्ना/नश्ल, बिरुवाको स्रोत केन्द्रका रुपमा विकास गर्दै पूर्ण क्षमतामा सञ्चालनका लागि उत्पादनका आधारमा प्रोत्साहन अनुदान वृद्धि हुने गरी सहयोग उपलब्ध

गराईनेछ। माटो परीक्षण गरी उर्वराशक्ति र सो माटोमा खेती गर्न उपयुक्त बालीको विवरण सहितको माटो परीक्षण कार्ड उपलब्ध गराउनका लागि घुम्ती माटो परीक्षण प्रयोगशालाहरु प्रयोगमा ल्याईने छ। यस परियोजनाको उद्देश्य हासिल गर्ने प्रयोजनका लागि कार्यविधि बनाई कृषि विश्वविद्यालय तथा कलेजहरुलाई Academic प्रयोजनका लागि अनुसन्धान तथा प्रसार अनुदान उपलब्ध गराईने छ। त्यसैगरी, विशिष्टिकृत उत्पादन क्षेत्रहरु जोन र सुपरजोनहरुमा अनुसन्धान, शिक्षा र प्रसार इकाईको स्थापना गरी सञ्चालन गरिनेछ र कृषि कलेज र विश्वविद्यालयहरुबाट उत्पादित जनशक्तिलाई इन्टर्नको रुपमा तथा प्रविधि प्रसारमा सोही उत्पादन क्षेत्रमा परिचालन गरिनेछ।

### १.५.९ प्रतिफलमा आधारित प्रोत्साहन अनुदान प्रणालीको अवलम्बन

तोकिएको बालीको निश्चित क्षेत्रफल वा सो भन्दा बढी क्षेत्रफलमा खेती गरेमा वा तोकिको परिमाण वा सो भन्दा बढी उत्पादन गरेमा वा बिक्री परिमाणको आधारमा कृषि उद्यमी, कृषि समूह/सहकारीहरुलाई प्रतिफलमा आधारित प्रोत्साहन अनुदान प्रदान गरिनेछ। यस प्रकारको अनुदान बढीमा दुई आर्थिक बर्षसम्मको लागि उपलव्ध गराईनेछ। यस्ता प्रोत्साहन अनुदान सबै बाली वस्तुका लागि विक्री परिमाणको आधारमा दिने गरी क्रमशः रुपान्तरित गरिनेछ।

### १.५.१० गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता स्थापना

खाद्य स्वच्छताका मापदण्डहरु अवलम्वनका लागि घुम्ती प्रयोगशालाहरुको प्रयोग, अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रयोगशालाहरुको स्थापना, मुख्य बजार केन्द्रहरुमा द्रुत विषादी परीक्षण प्रयोगशाला स्थापना लगायतका पूर्वाधारहरु विकास गरी स्वच्छता एवम् गुणस्तर प्रमाणीकरणको व्यवस्था मिलाई कृषि तथा खाद्य वस्तुहरुको उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रवेश गराउने क्रियाकलापहरु सञ्चालन गरिने छन्।

## २. परियोजना कार्यान्वयन एकाइको जिम्मेवारी

परियोजना अन्तर्गतको जोन/सुपरजोन विकास कार्यक्रम सञ्चालनको लागि परियोजना कार्यान्वयन इकाई रहने व्यवस्था बमोजिम तपसिलमा उल्लेखित जिम्मेवारी तोकिएको छ।

(अ) जोन/सुपरजोन विकासका लागि तय भएका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने/गराउने।
(आ) परियोजना कार्यान्वयनका लागि कृषि सहकारी, समुह र कृषि उद्यमीहरुको अभिमूखीकरण तथा क्षमता विकास गर्ने।
(इ) सम्बन्धित बालीको अनुसन्धान तथा विकास केन्द्रका रुपमा कार्य गर्ने तथा बाली विशेषको पकेट, ब्लक, जोन र सुपरजोनसँगको अनुसन्धान प्रसार सेवा र कृषि शिक्षाको सम्बन्ध (Linkages) र पहुँच (Access) स्थापना गर्ने।
(ई) बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनसँग सम्बन्धित निकायहरुबीच कार्यमूलक समन्वयको व्यवस्था मिलाउने।
(उ) जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयसँगको समन्वयमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने।
(ऊ) जोन/सुपरजोनमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरुको अभिलेख तयार गर्ने।
(ऋ) जोन/सुपरजोन अन्तर्गतका कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी तथा कृषि सहकारीहरुको विवरण अद्यावधिक गर्ने।
(ऌ) परियोजनको लक्ष्य र उद्देश्य हासिल गर्न सहयोगी कार्यक्रम सञ्चालन गर्ने।

(ऍ) जोन/सुपरजोन अन्तर्गत समूहिक खेती, सहकारी खेती, करार खेती र चक्लावन्दी खेती प्रवर्द्धन गर्ने नीतिलाई कार्यान्वयन गर्ने।

(ऎ) जोन/सुपरजोन अन्तर्गत कृषि पूर्वाधारहरुको विकास गर्ने।

(ए) परियोजनाका सरोकारवालाहरु (स्थानीय तह, प्रदेश सरकार मातहतका निकाय, अनुसन्धान र कृषि फार्म केन्द्र) सँग समन्वय र सहकार्य गर्ने।

(ऐ) परियोजनाको प्रगति नियमितरुपमा परियोजना व्यवस्थापन इकाईमा प्रतिवेदन गर्ने।

(ऑ) परियोजनाबाट तोकिएका परियोजना कार्यान्वयन इकाईले प्रदेश स्तरमा समन्वय र रिपोर्टिङको समेत कार्य गर्ने।

(ऒ) सम्भाब्यताको आधारमा जोन/सुपरजोनको क्षेत्र विस्तारको लागि परियोजना व्यवस्थापन इकाईमा सिफारिस गर्ने।

(ओ) सञ्चालित जोन र सुपरजोनको प्रोफाईल तयार गर्ने।

(औ) जिल्लामा सञ्चालित पकेट, ब्लक, जोन र सुपरजोन विकास कार्यक्रमको लागि क्षेत्र निर्धारण, कार्यक्रम तर्जुमा, अनुगमन, तथ्याङ्क व्यवस्थापनको लागि परियोजनाको फोकल कार्यालयको रुपमा कार्य गर्ने ।

## ३. परियोजना कार्यान्वयन एकाइ, नुवाकोटको संगठन संरचना तथा कर्मचारी विवरण

व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम एवं वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर जोन) विकास कार्यक्रम सञ्चालनको लागि जिल्लास्तरमा परियोजना कार्यान्वयन इकाई रहने व्यवस्था बमोजिम नुवाकोट र रसुवा जिल्लामा संचालित जोनहरुको लागि प्रशासनिक एकाइको रुपमा नुवाकोट जिल्लामा परियोजना कार्यान्वयन एकाइ रहेको छ। परियोजना व्यवस्थापन इकाईको सिफारिसमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट नेपाल कृषि सेवा अन्तर्गत राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतको नेतृत्वमा नेपाल कृषि सेवा अन्तर्गतका राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत, नेपाल कृषि सेवा अन्तर्गत राजपत्रअनङ्कित श्रेणीका प्राविधिक सहायक/नायब प्राविधिक सहायक र नेपाल प्रशासन सेवाका नायब सुब्बा/खरिदार र लेखापालको दरबन्दी स्वीकृत रहेको छ। जोन विकास कार्यक्रम सञ्चालनको लागि परियोजना कार्यान्वयन इकाई अन्तर्गत जोन प्राविधिक इकाई रहने व्यवस्था रहेको छ। परियोजना कार्यान्वयन इकाईको दरबन्दी तालिका-१ मा उल्लेख भए बमोजिम वार्षिक स्वीकृत अस्थायी दरबन्दी अनुरुप हुनेछ।

तालिका १ः परियोजना कार्यान्वयन इकाईको कर्मचारी विवरण

| परियोजना कार्यान्वयन एकाइ, नुवाकोट | |
|---|---|
| प्रमुख (रा.प.द्वि.प्रा.,नेपाल कृषि सेवा/समूहकृत नहुने)-१ | |
| प्राविधिक शाखा | कृषि अधिकृत (रा.प.तृ.प्रा., नेपाल कृषि सेवा)-१<br>पशु विकास अधिकृत (रा.प.तृ.प्रा., नेपाल कृषि सेवा)-१<br>प्राविधिक सहायक (रा.प.अनं.प्र.प्रा.)-१<br>नायव प्राविधिक सहायक/नायव पशु सेवा प्राविधिकः (रा.प.अनं.द्वि.प्रा., नेपाल कृषि सेवा)-३ |
| आर्थिक प्रशासन शाखा | लेखापाल (रा.प.अनं.प्र., नेपाल प्रशासन) -१ |
| प्रशासन शाखा | नायब सुब्बा (रा.प.अनं.प्र., नेपाल प्रशासन)-१<br>हलुका सवारी चालक -१<br>कार्यालय सहयोगी (करार सेवा)-२ |
| जोन प्राविधिक एकाइ, रसुवा | नायव प्राविधिक सहायक/नायव पशु सेवा प्राविधिकः(रा.प.अनं.द्वि.प्रा., नेपाल कृषि सेवा)-२/२<br>कार्यालय सहयोगी (करार सेवा)-१ |

## परियोजना कार्यान्वयन एकाइ नुवाकोटको स्वीकृत अस्थायी दरबन्दी तथा पदपुर्तिको अवस्था

| क.सं. | स्वीकृत पद/श्रेणी | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १ | वरिष्ठ कृषि अधिकृत, रा प द्वि प्रा | १ | ० | १ | |
| २ | कृषि अधिकृत, राप प तृ प्रा | २ | २ | ० | |
| ३ | पशु विकास अधिकृत | १ | १ | ० | |
| ४ | प्राविधिक सहायक | १ | ० | १ | |
| ५ | लेखापाल | १ | ० | १ | |
| ६ | रा.प.अनंकित प्रथम/द्वितीय | ८ | ६ | २ | |
| ७ | वि.एस्सी. इन्टर्न | | ८ | | |
| ८ | इन्जिनियर/सबइन्जिनियर | १ | १ | ० | |
| ९ | विषय विज्ञ | ० | ० | | |
| १० | ड्राइभर | १ | १ | ० | |
| ११ | कार्यालय सहयोगी | ३ | ३ | ० | |
| **जम्मा** | | **१७** | **१२** | | |

## परियोजना कार्यान्वयन एकाइ नुवाकोटमा कार्यरत कर्मचारी विवरण

| क.स. | कर्मचारीको नाम र थर | पद | सम्पर्क नं. | इमेल | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृष्ण प्रसाद उपाध्या | नि. बरिष्ठ कृषि अधिकृत | ९८५११२६२१६ | leoupadhya@gmail.com | |
| २ | शरण भुजेल | कृषि अधिकृत | ९८५११०५८५६ | sharan.bhuzel92@gmail.com | |
| ३ | डा. अन्जु शर्मा चापागाई | पशु विकास अधिकृत | ९८४५९३०७८७ | theanjusharma.as@gmail.com | करार |
| ४ | मधु न्यौपाने | ओभरसियर | ९८६६०१९९८५ | neupanemadhu2020@gmail.com | करार |
| ५ | राजन कुमार डंगोल | ना.प्रा.स. | ९८४३४७९५२२ | rajandangol325@gmail.com | करार |
| ६ | भुवन तिमिल्सिना | ना.प्रा.स. | ९८४०८८४०५३ | timilsinabhuwan8@gmail.com | करार |
| ७ | सुजाता पौडेल | ना.प्रा.स. | ९८४०७२९६९१ | suzatapoudel001@gmail.com | करार |
| ८ | अम्बिका घिमिरे | ना.प्रा.स. | ९८४११५९७९२ | | करार |
| १० | सुदिप राना मगर | ना.प.से.प्रा. | ९८६०००४४३८ | ranamagar9002@gmail.com | करार |
| १२ | कृपा लामा | ना.प.से.प्रा. | ९८६२२५३२१५ | parulama436@gmail.com | करार |
| ११ | विनोड पाण्डे | ह.स.चा. | ९८०३३५१२२६ | | करार |
| १२ | कल्पना पुडासैनी | का.स. | ९८४९४१२०१७ | | करार |
| १३ | निरुता लामिछाने | का.स. | ९८६२७३०८२२ | | करार |
| १४ | मन्दिरा भणडारी | का.स. | ९८४१२१९६६९ | | करार |

## ४. कार्यालयबाट प्रदान गरिने सेवा

जोन संभाग अन्तर्गत सञ्चालन गरिने मुख्य कार्यक्रम/क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्यहरु | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| **क.** | **क्षमता विकास कार्यक्रम** | | |
| १ | स्थलगत जोन अभिमुखीकरण | - परियोजनाबाट सञ्चालित कार्यक्रमहरुको जानकारी | - सहभागी छनौट<br>- कार्यक्रम सञ्चालन |
| २ | स्थलगत तालिम | - उन्नत कृषि प्रविधि सम्बन्धी जानकारी | - सहभागी छनौट<br>- प्रशिक्षक तथा प्रशिक्षण सामग्री व्यवस्थापन<br>- तालिम सञ्चालन |
| **ख.** | **प्रविधि तथा प्राविधिक सहयोग** | | |
| १ | सहभागितात्मक व्यवसायिक नवीनतम उत्पादन प्रविधि प्रदर्शन )कम्तीमा १० रोपनी( | - नवीनतम उत्पादन प्रविधि प्रसार गर्ने | - प्रविधि पहिचान तथा छनौट<br>- कृषक तथा जग्गा छनौट<br>- डिजाईन तयार<br>- बीउ विजन तथा सामग्री व्यवस्थापन<br>- प्रविधि प्रदर्शन<br>- नियमित अनुगमन<br>- प्रदर्शनको नतिजा सम्बन्धी सामूहिक छलफल |
| २ | बाली वस्तुको स्रोतकेन्द्रको स्थापना | - उन्नत बीउविजन/नश्ल उत्पादन गर्ने | - स्थान र कृषक छनौट<br>- सूचना प्रकाशन<br>- मूलबीउ उपलव्ध गराउने<br>- बाली निरीक्षण गराउने<br>- बीउ प्रमाणीकरणमा सहयोग गर्ने<br>- भण्डारणको लागि मेटल विन, सिड विन वितरण<br>- नियमानुसार अनुगमन गर्ने |
| ३ | माटो व्ययवस्थापन प्रयोगशाला सेवा | - माटोको गुणस्तरमा सुधार | - माटो नमूना संकलन<br>- माटो परीक्षण शिविर<br>- माटो उपचार |
| ४ | बाली संरक्षण प्रयोगशाला सेवा | - रोग कीराको पहिचान तथा व्यवस्थापनका लागि प्रयोगशालाको स्थापना गर्ने | - स्थान छनौट<br>- लागत अनुमान र टेक्नीकल स्पेशिफिकेसन तयार गर्ने<br>- सूचना प्रकाशन गर्ने<br>- नमुना संकलन र बाली उपचार शिविर सञ्चालन<br>- परीक्षण एवं आवश्यक सल्लाह सुझाव |
| ५ | बीउ उपचार प्रयोगशाला सेवा | - बीउको गुणस्तर वृद्धिका लागि प्रयोगशालाको निर्माण हुने | - स्थान छनौट<br>- लागत अनुमान र टेक्नीकल स्पेशिफिकेसन तयार गर्ने<br>- सूचना प्रकाशन गर्ने |

| क.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्यहरु | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| | | | - नमुना संकलन /परीक्षण<br>- विषादी खरिद तथा बीउ उपचार |
| ६ | बगैंचा सुदृढीकरण | - स्वस्थ बगैंचा व्यवस्थापन गरी उत्पादन बढाउने | - माग सङ्कलन<br>- स्थान तथा लाभग्राही छनौट<br>- लागत अनुमान तयारी एवं स्वीकृति<br>- सुदृढीकरण कार्यक्रम सञ्चालन<br>- अनुगमन तथा प्रतिवेदन |
| **ग.** | **उत्पादन सामग्री सहयोग** | | |
| १ | उन्नत तथा हाईब्रिड बीउ विजन, बिरुवा, रसायनिक एवं जैविक विषादीहरु तथा सुक्ष्म तत्व लगायतका अन्य उत्पादन सामग्रीहरुमा अनुदान सहयोग | - प्रविधि विस्तार गर्ने | - लागत अनुमान तयारी<br>- सूचना प्रकाशन गर्ने<br>- कृषक छनौट<br>- स्रोत केन्द्रको पहिचान<br>- कार्ययोजना तयारी<br>- खरिद व्यवस्थापन तथा वितरण<br>- अनुगमन तथा प्रतिवेदन |
| **घ** | **कृषि औजार उपकरण सहयोग** | | |
| १ | साना कृषि उपकरण (पावर टिलर ,मिनी टिलर, स्पेयर, आलु खन्ने तथा उकेरा लगाउने मेशीन, झार गोड्ने मेशीनहरु र अन्य उपकरणहरु) | - कृषकको कार्यबोझ घटाउने र लागत न्यूनीकरण गर्ने<br>- | - कृषक तथा औजार उपकरणको आवश्यकता पहिचान<br>- खरिद व्यवस्थापन<br>- वितरण |
| २ | ठूला कृषि उपकरण | - कृषकको कार्यबोझ घटाउने र लागत न्यूनीकरण गर्ने | - सूचना प्रकाशन गर्ने<br>- कृषक तथा औजार उपकरणको आवश्यकता पहिचान<br>- लागत अनुमान र टेक्नीकल स्पेशिफिकेशन तयारी<br>- खरिद व्यवस्थापन<br>- कार्ययोजना तयारी एवं वितरण |
| ३ | कृषि यान्त्रिकीरणका लागि Custom Hiring Center स्थापना | - कृषकहरुलाई आवश्यक पर्ने उपकरणहरुको सेवा सर्भसुलभ रुपमा उपलव्ध गराउने | - सूचना प्रकाशन गर्ने<br>- कृषक तथा औजार उपकरणको आवश्यकता पहिचान<br>- लागत अनुमान र टेक्नीकल स्पेशिफिकेशन तयारी<br>- खरिद व्यवस्थापन तथा सेवा सञ्चालन<br>- अनुगमन तथा प्रतिवेदन |
| **ङ** | **पोष्ट हार्भेष्ट सेन्टर स्थापना** | | |

| क.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्यहरु | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| १ | प्राथमिक प्रशोधन केन्द्र, गोदाम घर, बाली सुकाउने खलान (thresing floor), ग्रेडिंग, प्रिकुलिङ-, तौलाई, प्याकेजिङ, लेवलिङ, सिंगल क्याब ढुवानी साधन, प्रदर्शन तथा विक्री कक्ष/स्टल | -कृषि उपजहरुको संचय, वजारीकरण र क्षती न्यूनीकरणमा सहयोग गर्ने | - स्थान पहिचान गर्ने<br>- लागत अनुमान र टेक्निकल स्पेशिफिकेसन/नापनक्सा तयार गर्ने<br>- सूचना प्रकाशन गर्ने<br>- कार्ययोजना बनाउने<br>- खरिद व्यवस्थापन गर्ने<br>- निर्माण सम्पन्न गर्ने<br>- नियमानुसार सेवा प्रदान गर्ने<br>- अनुगमन तथा प्रतिवेदन |
| २ | सहकारी सञ्जाल मार्फत कृषि उपजको वजारीकरण | - कृषि उपजको सहज बजारीकरण गराउने | - सूचना प्रकाशन<br>- कार्ययोजना बनाउने<br>- खरिद व्यवस्थापन (लागत ईस्टिमेट)<br>- नियमित सेवा प्रदान<br>- सञ्चालन अनुगमन |
| ३ | कृषि बजार स्थापना | - स्थानीय स्तरमा कृषि उपजको बजारीकरण | - स्थान पहिचान गर्ने<br>- लागत अनुमान र टेक्निकल स्पेशिफिकेसन/नापनक्सा तयार गर्ने<br>- सूचना प्रकाशन गर्ने<br>- कार्ययोजना बनाउने<br>- खरिद व्यवस्थापन गर्ने<br>- निर्माण सम्पन्न गर्ने र नियमानुसार सेवा प्रदान<br>- अनुगमन तथा प्रतिवेदन |
| ४ | शीत भण्डार/बीउ भण्डार सुविधा | - कृषि उपजको संचय गरी मूल्य अभिवृद्धि गर्ने | - स्थान छनौट/सम्भाव्यता अध्ययन<br>- डिजाईन/ईस्टिमेट/सञ्चालन विधि<br>- सूचना प्रकाशन<br>- मूल्याङ्कन तथा छनौट<br>- सम्झौता/निर्माण<br>- सञ्चालन/अनुगमन |
| **च** | **नर्सरी पूर्वाधार विकास सहयोग** | | |
| १ | स्वस्थ तथा गुणस्तरीय बिरुवा उत्पादनका लागि सरकारी-निजी/समूह/सहकारीको साझेदारीमा नर्सरी | - दिगो स्रोत केन्द्र विकास गर्ने | - सूचना प्रकाशन गर्ने<br>- स्थान तथा कृषक छनौट गर्ने<br>- आवश्यकता अनुसारको नर्सरी रेखाङ्कन बनाउने<br>- नर्सरीका लागि आवश्यक औजार उपकरण र सामग्रीहरुको व्यवस्थापन गर्ने<br>- नर्सरी स्थापना<br>- नियमित अनुगमन गर्ने |

| क.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्यहरु | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| | | | - गुणस्तरीय बिरुवा उत्पादन तथा बिक्रीवितरण |
| २ | सेड हाउस, स्क्रिन हाउस, ग्रीन हाउस लगायतका नर्सरी पूर्वाधारहरु | - कृषकलाई सहज ढंगबाट वेमौसमी खेती गर्न सहयोग पुऱ्याउने | - सूचना प्रकाशन गर्ने<br>- स्थान तथा कृषक छनौट गर्ने<br>- आवश्यकता अनुसारको डिजाईन/स्पेशिफिकेसन बनाउने<br>- आवश्यक औजार उपकरण र सामग्रीहरुको व्यवस्थापन गर्ने<br>- नर्सरी स्थापना तथा नियमित अनुगमन गर्ने<br>- गुणस्तरीय बिरुवा उत्पादन तथा बिक्री वितरण |
| **छ** | **साना सिँचाइ निर्माण तथा मर्मत सम्भार सहयोग** | | |
| १ | साना सिँचाइ निर्माण तथा मर्मत सुधार | - सिँचाइका स-साना अति संवेदनशिल क्षेत्रमा सुधार गरी सिंचित क्षेत्र विस्तार गर्ने | - |
| २ | स्यालो ट्यूबवेल लगायतका भूमिगत सिँचाइ पूर्वाधारहरु | - भूमिगत जलस्रोतको उपयोग गरी सिंचित क्षेत्र विस्तार गर्ने | - |
| ३ | नवीनतम सिँचाइ प्रविधि | - सिंचित क्षेत्र विस्तारको लागि वैकल्पिक प्रविधिको प्रयोग गर्ने | - |
| **ज** | **पशु उत्पादन तथा पशु सेवा सम्बन्धी आधारभूत सहयोग** | | |
| १ | गोठ/खोर सुधार(गाई, भैंसी, बाख्रा, बङ्गुर ) | - पशु रोगको जोखिम न्यूनीकरण गर्ने | - सूचना प्रकाशन गर्ने<br>- कृषक छनौट<br>- डिजाइन तथा लागत अनुमान<br>- निर्माण सामग्रीको व्यवस्थापन गर्ने<br>- प्राविधिक अनुगमन गर्ने |
| २ | पशु नश्ल सुधार | - वंश सुधार गर्ने | - सूचना प्रकाशन गर्ने<br>- कृषक छनौट<br>- पशु संख्याको अभिलेख राख्ने<br>- ट्यागीङ गर्ने<br>- स्रोत केन्द्रको पहिचान<br>- उन्नत जातको पशु नश्ल खरिद र अनुगमन गर्ने |
| ३ | पशु प्रजनन केन्द्र स्थापना | पशुको जातीय सुधार | - सूचना प्रकाशन गर्ने<br>- कृषक तथा स्थान छनौट<br>- उन्नत जातको पशु नश्ल (बोका/वीर/राँगो/साँढे)<br>- पशु प्रजनन् केन्द्र स्थापना |

| क.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्यहरु | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| | | | - सेवा सञ्चालन तथा प्राविधिक सेवा अनुगमन |
| ४ | पशु आहारा विकास कार्यक्रम | - गुणस्तरीय पशु आहाराको सहज आपूर्तीमा सहयोग | - कृषक छनौट<br>- स्रोत केन्द्रको पहिचान<br>- उन्नत जातको भुइ तथा डाले घाँसको बीउ/ बेर्ना/ सेटहरु<br>- साईलेज/ TMR/UMMB लगायत पशु आहारा प्रविधि / कबुलियति/सामुदायिक घाँस खेती |
| ५ | ग्रामिण कृषि/पशु सेवा कार्यकर्ता | - प्राविधिक सेवा उपलव्ध गराउने | - कृषि/पशुसेवा प्राविधिक छनौट<br>- सेवा सञ्चालन गर्ने |
| ६ | पशु स्वास्थ्य सेवा | - पशुमा लाग्ने रोगहरुको जोखिम न्यूनीकरण गर्ने | - स्थान छनौट<br>- प्राविधिक कर्मचारीको व्यवस्थापन गर्ने<br>- पशु स्वास्थ्य शिविर सञ्चालन<br>- खोप तथा औपधी खरिद तथा वितरण |
| **ञ** | **पशुपन्छी/मत्स्य वजार प्रवर्द्धन कार्यक्रम** | | |
| १ | दुग्ध चिस्यान केन्द्र स्थापना | -दुध तथा दुग्ध जन्य पदार्थको बजारीकरण सहयोग हुने | - सूचना प्रकाशन गर्ने<br>- समूह र सहकारी छनौट<br>- दुध उत्पादनको तथ्याङ्क संकलन गर्ने<br>- चिलिङ्ग भ्याट सञ्चालनका लागि उपयुक्त स्थानको छनौट गर्ने<br>- दुध संकलनको परिमाण अनुसारको चिलिङ्ग भ्याट खरिद व्यवस्थापन गर्ने<br>- दुध संकलन गरी बिक्री वितरण गर्ने |
| २ | डेरी पसल स्थापना/सुधार | -स्वच्छ/ गुणस्तरयुक्त दुध तथा दुग्धजन्य पदार्थको बिक्री वितरण हुने | - सूचना प्रकाशन गर्ने<br>- दुग्ध व्यवसायी कृषक छनौट<br>- डेरी पसल स्थापना<br>- डेरी पसलका लागि आवश्यक उपकरणहरु<br>- दुध तथा दुग्ध जन्य पदार्थको नियमित बिक्री वितरण वितरण गर्ने |
| ३ | वध स्थल/मासु पसल स्थापना/सुधार | - स्वच्छ मासुको बिक्री वितरण हुने | - सूचना प्रकाशन गर्ने<br>- मासु व्यवसायी कृषक छनौट<br>- मासु पसल स्थापना/सुधार<br>- मासु पसलका लागि आवश्यक उपकरणहरु<br>- मासु पसलबाट उत्पादन हुने फोहोरको उचित व्वस्थापन गर्ने<br>- मासु तथा मासु जन्य पदार्थको नियमित बिक्री वितरण वितरण गर्ने<br>- अनुगमन तथा प्रतिवेदन |

| क्र.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्यहरु | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| ४ | पशु संकलन केन्द्र स्थापना | - पशुजन्य उपजको बजारीकरणमा सहयोग पुऱ्याउने | - सूचना प्रकाशन गर्ने<br>- समूह र सहकारी छनौट<br>- स्थान छनौट<br>- लागत अनुमान र प्राविधिक डिजाईन सहितको कार्य योजना<br>- निर्माण समाग्री तथा खरिदको व्यवस्थापन<br>- पशु संकलन केन्द्र नियमित रुपमा सञ्चालन गर्ने<br>- अनुगमन तथा प्रतिवेदन |
| **ट** | **अन्य कार्यक्रमहरु** | | |
| १ | जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न प्रोत्साहन गर्ने कार्यक्रमहरु | - बाँझो जमिनलाई खेतीयोग्य जमिनमा रुपान्तरण गर्ने | - बाँझो जमिनहरुको पहिचान तथा अभिलेखीकरण<br>- खेती गर्ने कृषकहरुलाई बीउ ,सिँचाइ र औजार उपकरण सहयोग |
| २ | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान | - उत्पादन बृद्धिको लागि उत्पादनमा संलग्न कृषकलाई प्रोत्साहित गर्ने | - प्रतिफल लक्ष्य निर्धारण<br>- उत्पादक कृषक पहिचान तथा छनौट<br>- प्रोत्साहन अनुदान प्रवाह |

## ५. सेवा प्रदान गर्ने शाखा तथा जिम्मेवार अधिकारी

**क) निर्णय गर्ने प्रक्रियाः** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली २०६५, सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका , २०६५ एवं सूचनाको हक सम्बन्धी ऐन, २०६४ लगायत प्रचलित कानूनबमोजिम।

**ख) निर्णय गर्ने अधिकारीः**

- **बरिष्ठ कृषि अधिकृत।**
- **कृषि अधिकृतः** कार्यालय प्रमुखबाट अधिकार प्रत्यायोजन भए बमोजिम।
- **पशु विकास अधिकृतः** कार्यालय प्रमुखबाट अधिकार प्रत्यायोजन भए बमोजिम।

**ग) निर्णय उपर उजुरी सुन्ने अधिकारीः** प्रचलित कानून बमोजिम।

**घ) नागरिक वडापत्र**

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाइ, नुवाकोट

कार्यक्षेत्रः नुवाकोट र रसुवा जिल्ला

# नागरिक वडापत्र

| क्र.सं. | प्रदान गरिने सेवा सुविधाहरुको विवरण | आवश्यक पर्ने कागजात/प्रमाणहरु | काम सम्पन्न हुन लाग्ने अवधि | सेवा प्राप्त गर्न लाग्ने शुल्क | सम्बन्धित शाखा | जिम्मेवार शाखा/कर्मचारी | गुनासो सुन्ने अधिकारी | कार्य संचालन प्रकृया |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक सेवा टेवा, प्राविधिक पुस्तिका वितरण | • मौखिक वा लिखित रुपमा माग | तुरुन्तै वा कार्य प्रकृति हेरी ३ दिनसम्म | कुनै शुल्क नलाग्ने | प्रविधि विस्तार शाखा | कृषि अधिकृत, नायव/प्राविधिक सहायक | वरिष्ठ कृषि अधिकृत | |
| २ | तालिम, गोष्ठी, बैठक, भ्रमण आदी | • स्वीकृत कार्यक्रम र कार्यविधि अनुसार सहभागी छनौट गरि कार्यक्रम संचालन गरिने | त्रैमासिक कार्य लक्ष्य अनुसार | कुनै शुल्क नलाग्ने | प्रविधि विस्तार शाखा | कृषि अधिकृत, नायव/प्राविधिक सहायक | वरिष्ठ कृषि अधिकृत | कार्यविधिमा उल्लेख भएबमोजिम |
| ३ | तथ्यांक संकलन, विश्लेषण,अध्ययन/ सर्वेक्षण/अनुसन्धान, प्रतिवेदन तयार | • स्वीकृत कार्यक्रम र कार्यविधि अनुसार कार्यक्रम संचालन गरिने। | त्रैमासिक कार्य लक्ष्य अनुसार | कुनै शुल्क नलाग्ने | प्रविधि विस्तार शाखा | कृषि अधिकृत, नायव/प्राविधिक सहायक | वरिष्ठ कृषि अधिकृत | कार्यविधिमा उल्लेख भएबमोजिम |
| ४ | माटो परीक्षण सेवा (कृषि विकास कार्यक्रम) | • स्वीकृत कार्यक्रम र कार्यविधि अनुसार स्थान र सहभागी छनौट गरि कार्यक्रम संचालन गरिने। | त्रैमासिक कार्य लक्ष्य अनुसार | १५ % परिक्षण शुल्क | प्रविधि विस्तार शाखा | कृषि अधिकृत, नायव/प्राविधिक सहायक | वरिष्ठ कृषि अधिकृत | कार्यविधिमा उल्लेख भएबमोजिम |
| ५ | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | • कार्यविधि अनुसारको प्रस्ताव र कार्य योजना सहितको निवेदन, सूचनामा उल्लेखित अन्य कागजातहरु | त्रैमासिक कार्य लक्ष्य अनुसार | २५ % लागत साझेदारी | प्रविधि विस्तार शाखा | कृषि अधिकृत, नायव/प्राविधिक सहायक | वरिष्ठ कृषि अधिकृत | कार्यविधिमा उल्लेख भएबमोजिम |
| ६ | समुदायमा आधारित बिउ आलु आत्मनिर्भर कार्यक्रम | • कार्यविधि अनुसारको प्रस्ताव र कार्य योजना सहितको निवेदन, सूचनामा उल्लेखित अन्य कागजातहरु | त्रैमासिक कार्य लक्ष्य अनुसार | ५० % लागत साझेदारी | प्रविधि विस्तार शाखा | कृषि अधिकृत, नायव/प्राविधिक सहायक | वरिष्ठ कृषि अधिकृत | कार्यविधिमा उल्लेख भएबमोजिम |
| ७ | जोन प्रभाव क्षेत्रमा आलुको क्षेत्र विस्तार | • कार्यविधि अनुसारको प्रस्ताव र कार्य योजना सहितको निवेदन, सूचनामा उल्लेखित अन्य कागजातहरु | त्रैमासिक कार्य लक्ष्य अनुसार | ५० % लागत साझेदारी | प्रविधि विस्तार शाखा | कृषि अधिकृत, नायव/प्राविधिक सहायक | वरिष्ठ कृषि अधिकृत | कार्यविधिमा उल्लेख भएबमोजिम |
| ८ | प्याकेजिङ, लेबलिंग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण कार्यक्रम | • कार्यविधि अनुसारको प्रस्ताव र कार्य योजना सहितको निवेदन, सूचनामा उल्लेखित अन्य कागजातहरु | त्रैमासिक कार्य लक्ष्य अनुसार | ५० % लागत साझेदारी | प्रविधि विस्तार शाखा | कृषि अधिकृत, नायव/प्राविधिक सहायक | वरिष्ठ कृषि अधिकृत | कार्यविधिमा उल्लेख भएबमोजिम |
| ९ | कृषि यान्त्रिकरण सहयोग | • कार्यविधि अनुसारको प्रस्ताव र कार्य योजना सहितको निवेदन, सूचनामा उल्लेखित अन्य कागजातहरु | त्रैमासिक कार्य लक्ष्य अनुसार | ५० % लागत साझेदारी | प्रविधि विस्तार शाखा | कृषि अधिकृत, नायव/प्राविधिक सहायक, ओभरसियर | वरिष्ठ कृषि अधिकृत | कार्यविधिमा उल्लेख भएबमोजिम |
| १० | साना सिंचाई कार्यक्रम - निर्माण तथा मर्मत संभार | • रितपुर्वक भरिएको फारम/निवेदन<br>• उक्त कार्यका लागि समुह/ सहकारीको निर्णय प्रतिलिपि<br>• सूचनामा उल्लेखित अन्य कागजातहरु | त्रैमासिक कार्य लक्ष्य अनुसार | १५ % लागत साझेदारी | प्रविधि विस्तार शाखा | कृषि अधिकृत, नायव/प्राविधिक सहायक, ओभरसियर | वरिष्ठ कृषि अधिकृत | स्विकृत कार्यक्रम तथा वजेट र कार्यविधिमा उल्लेख भएबमोजिम |
| ११ | भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | • कार्यविधि अनुसारको प्रस्ताव र कार्य योजना सहितको निवेदन, सूचनामा उल्लेखित अन्य कागजातहरु | त्रैमासिक कार्य लक्ष्य अनुसार | १५ % लागत साझेदारी | प्रविधि विस्तार शाखा | कृषि अधिकृत, नायव/प्राविधिक सहायक, ओभरसियर | वरिष्ठ कृषि अधिकृत | कार्यविधिमा उल्लेख भएबमोजिम |
| १२ | चैते धानको क्षेत्रफल विस्तार | • कार्यविधि अनुसारको प्रस्ताव र कार्य योजना सहितको निवेदन, सूचनामा उल्लेखित अन्य कागजातहरु | त्रैमासिक कार्य लक्ष्य अनुसार | ५० % लागत साझेदारी | प्रविधि विस्तार शाखा | कृषि अधिकृत, नायव/प्राविधिक सहायक | वरिष्ठ कृषि अधिकृत | कार्यविधिमा उल्लेख भएबमोजिम |
| १३ | बाखा खोर सुधार/निर्माण सहयोग | • कार्यविधि अनुसारको प्रस्ताव र कार्य योजना सहितको निवेदन, सूचनामा उल्लेखित अन्य कागजातहरु | त्रैमासिक कार्य लक्ष्य अनुसार | ५० % लागत साझेदारी | प्रविधि विस्तार शाखा | कृषि अधिकृत, नायव/प्राविधिक सहायक, ओभरसियर | वरिष्ठ कृषि अधिकृत | कार्यविधिमा उल्लेख भएबमोजिम |
| १४ | स्थायी प्लास्टिक टनेल निर्माण | • कार्यविधि अनुसारको प्रस्ताव र कार्य योजना सहितको निवेदन, सूचनामा उल्लेखित अन्य कागजातहरु | त्रैमासिक कार्य लक्ष्य अनुसार | ५० % लागत साझेदारी | प्रविधि विस्तार शाखा | कृषि अधिकृत, नायव/प्राविधिक सहायक, ओभरसियर | वरिष्ठ कृषि अधिकृत | कार्यविधिमा उल्लेख भएबमोजिम |
| १५ | बाखाको नश्ल सुधार तथा उत्पादन बृद्दि कार्यक्रम | • कार्यविधि अनुसारको प्रस्ताव र कार्य योजना सहितको निवेदन, सूचनामा उल्लेखित अन्य कागजातहरु | त्रैमासिक कार्य लक्ष्य अनुसार | ५० % लागत साझेदारी | प्रविधि विस्तार शाखा | कृषि अधिकृत, नायव/प्राविधिक सहायक | वरिष्ठ कृषि अधिकृत | कार्यविधिमा उल्लेख भएबमोजिम |
| १६ | कृषि विमा बारे जानकारी | • मौखिक तथा लिखित माग | तुरुन्तै | कुनै शुल्क नलाग्ने | प्रविधि विस्तार शाखा | कृषि अधिकृत, प्राविधिक | वरिष्ठ कृषि अधिकृत | |
| १७ | कार्यालय संचालन तथा जिन्सी व्यवस्थापन | • निवेदन एवं पुष्ट्याई हुने अन्य कागजातहरु | ७ दिन | कुनै शुल्क नलाग्ने | प्रशासन शाखा | नायव सुब्बा | वरिष्ठ कृषि अधिकृत | |
| १८ | कार्यालय र कार्यक्रम सम्वन्धी खर्च भुक्तानी | • निवेदन, स्वीकृत, कार्य आदेश, बिल भरपाई र निर्णय एवं पुष्ट्याई हुने अन्य कागजातहरु | ७ दिन | कुनै शुल्क नलाग्ने | आर्थिक प्रशासन शाखा | लेखापाल | वरिष्ठ कृषि अधिकृत | |

*जेष्ठ नागरिक, अपाङ्ग तथा महिलाहरुलाई सेवा प्रवाहमा प्राथमिकता दिइनेछ। फोन नं. ०१०–५६०२१६,०१०–५६०४००, ०१०–५६१८४९,*

Email: pmamp.piu.nuwakot@gmail.com, Website: piunuwakot.pmamp.gov.np

**सूचना अधिकारीः श्री शरण भुजेल, कृषि अधिकृत, ९८५११०५८५६**

**कार्यालय प्रमुखः श्री कृष्ण प्रसाद उपाध्या**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, नुवाकोट

## ६. सम्पादन गरेको कामको विवरण

**परियोजना कार्यान्वयन एकाइ, नुवाकोटले चालु आ.व. २०७९/८० को चौथो त्रैमासिक अवधिमा संचालन गरेका गतिविधि र सो को प्रगति विवरण**

| क्र.सं | सम्पन्न क्रियाकलाप | प्राप्त उपलब्धि |
|---|---|---|
| १ | धान प्रवर्द्धन कार्यक्रम | धान जोन नुवाकोट तर्फ चैते धान क्षेत्रफल (चैते-५ जात) ७९ हेक्टरमा विस्तार, १२५ हे. मा मसिना तथा बास्नादार धानको क्षेत्रफलमा विस्तार गरिएको |
| २ | धान वीउ उत्पादन कार्यक्रम | विभिन्न धानका जात ( खुमल-४, खुमल-१०, चैते-५, हर्दिनाथ-१ ) जातको ११ हेक्टरबाट ४९ मे.ट. मूल तथा प्रमाणित वीउ उत्पादन हुने |
| ३ | कस्टम हायरिङ सेन्टर | २ वटा कष्टम हायरिङ्ग सेन्टर संचालन गरी २०% सहुलियतमा यन्त्र तथा उपकरणहरु साझेदार संस्थाले संचालन गरिरहेका (पावरटिलर-९, रिपर-२, थ्रेसर-२, धान रोप्ने मेसिन-१ ) |
| ४ | पोष्ट हार्भेष्ट क्षति न्यूनिकरण, प्याकेजिङ, लेवलिङ | धान जोन अन्तर्गत २ वटा मिल स्थापना गरी स्थानीय चामलको प्याकेजिङ्ग, लेबलिङ्ग तथा ब्राण्डिङ्ग गरिएको |
| ५ | कृषि प्रविधि सिकाई केन्द्र संचालन | धान रोप्ने मेसिन सहितको कृषि प्रविधि सिकाई केन्द्र स्थापना भएको जसबाट धानमा यान्त्रिकीकरण प्रदर्शन गरी यन्त्रमैत्री खेतिको सुरुवात गर्न लागिएको |
| ६ | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन | २ वटा प्राविधिक शिक्षालयसँगको साझेदारीमा नर्सरी पूर्वाधार, प्लास्टिक टनेल, भर्मि कम्पोष्ट सेड र च्याउ उत्पादन पूर्वाधार निर्माण गरी उत्पादन सुरु भएको |
| ७ | सिंचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार | पुँजीगत सिंचाई तर्फ ८ वटा कार्यक्रम सम्पन्न, आलु जोन रसुवा तर्फ रहेको ७ वटा साना सिंचाई कुलो निर्माण-६ र सिंचाई ट्याङ्की-१ निर्माण र धान जोन तर्फ १० वटा सिंचाई कुलो निर्माण सम्पन्न जसबाट ९२ हे. मा थप सिंचित सुविधा विस्तार हुने |
| ८ | जोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | कुल ५७९ विभिन्न यन्त्र तथा उपकरणहरुमा सहयोग भएको (२० पावरटिलर/२३३ मिनिटिलर/३७७ स्प्रेयर/२९ |

| क्र.सं | सम्पन्न क्रियाकलाप | प्राप्त उपलब्धि |
|---|---|---|
| | | कम्बाइन मिल/७ थ्रेसर/१५ च्याफ कटर/३ दाना बनाउने मेसिन लगायतका यन्त्र उपकरण वितरण |
| ९ | कृषि बजार, भण्डारण पुर्वाधार निर्माण स्थापना | शिवपुरी गा.पा.-०८ नुवाकोटमा तरकारी बजारीकरण सहजताको लागि टोखा-छहरे सडकसँगै कृषि उपज बजार विक्रि केन्द्र निर्माण गरी संचालनमा आएको |
| १० | २ रोपनी क्षेत्रफलमा नेट हाउस वा जी.आई.पाईप सहितको टनेल निर्माण | ३ वटा जि.आई. पाईप सहितको टनेल निर्माण भई १५४६ बर्ग मिटरमा प्लास्टिक टनेल निर्माण भएको जसबाट बर्षैभरि वेमौसमी तरकारी उत्पादन गर्न सकिने |
| ११ | बाखा खोर सुधार/निर्माण सहयोग | बाख्रा जोन रसुवामा ५० प्रतिशत लागत साझेदारीमा ७९ वटा बाख्राको खोर निर्माण भएको जसबाट करिब २१०० बाख्रालाई सुधारिएको खोरमा व्यवस्थापन गर्न सकिने |
| १२ | पशु नश्ल सुधार तथा उत्पादन बृद्दि कार्यक्रम | बाख्रा जोन रसुवामा पशु नश्ल सुधार तथा उत्पादन बृद्दि कार्यक्रम अन्तर्गत विभिन्न प्रतिशत जातीय शुद्धता भएका बोयर, जमुनापारी जातका बोका तथा खरी र सिन्हाल जातका पाठी उपलब्ध गराई नश्ल सुधार भएको |
| १३ | उन्नत प्रबिधिको बाख्रा खोर निर्माण कार्यक्रम | बाख्रा जोन रसुवामा पशु उत्पादन बृद्दिको लागि बाख्रा खोर निर्माण कार्यक्रम अन्तर्गत ८ वटा खोर निर्माण भएको जसबाट व्यवसायिक बाख्रा पालनमा टेवा पुग्ने |
| १४ | घाँस बाली प्रवर्द्धन कार्यक्रम | बाख्राको लागि उपयुक्त विभिन्न जातका बहुबर्षीय घाँसका वेर्ना/बीउ उपलब्ध गराइएको |
| १५ | मासु पसल निर्माण/सुधार कार्यक्रम | पशुको उपयुक्त तरिकाबाट बध गरी गुणस्तरीय एवं स्वच्छ, मासु तथा मासुजन्य पदार्थहरू उपभोक्ता समक्ष सहज उपलब्ध हुनु |

## संचालित क्रियाकलापहरुको झलकहरु



आलु जोन नुवाकोट र रसुवामा संचालित आलु विजवृद्धि सहयोग कार्यक्रमको झलकहरु

## धान जोन नुवाकोटमा निर्माण गरिएको साना सिंचाइ आयोजना





## बाखा जोन रसुवामा निर्माण गरिएको बाखाको खोर






## बालिवस्तु विषेश स्थलगत तालिम













७५ प्रतिशतको बोयर बोका



१००
प्रतिशतको
बोयर बोका






५० प्रतिशतको बोयर बोका

## जमुनापारी, खरी तथा सिंहल क्रोस बाखा/बोका वितरण



जमुनापारी क्रोस बाखा/बोका वितरण



सिंहल तथा खरी क्रोस बाखा/बोका वितरण

## उन्नत घाँसको बिउ तथा बेर्ना वितरण



## ७. कार्यालयको वेवसाईट, सामाजिक सञ्जाल, सूचना अधिकारी तथा कार्यालय प्रमुखको नाम र पद

कार्यालयको वेवसाईटः piunuwakot.pmamp.gov.np

कार्यालयको सामाजिक सञ्जालः www.facebook.com/Pmamp.piu.nuwakot1

कार्यालयको सम्पर्क नः ०१०–५६०२१६
०१०–५६०४००

कार्यालयको इमेल ठेगानाः pmamp.piu.nuwakot@gmail.com

**सूचना अधिकारीः**
नामः श्री शरण भुजेल
पदः कृषि अधिकृत
सम्पर्क नं. ९८५११०५८५६

**कार्यालय प्रमुखः**
**नामः श्री कृष्ण प्रसाद उपाध्या**
पदः निमित्त वरिष्ठ कृषि अधिकृत
सम्पर्क नं. ९८५११२६२१६

## ८. ऐन, नियम वा निर्देशिकाको सूची

क. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना दस्तावेज
ख. परियोजना कार्यान्वयन म्यानुअल, २०७७

## ९. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

परियोजना कार्यान्वयन एकाइ, नुवाकोटको चालु आ.व. २०७९/८० को **चौथो** त्रैमासिक (बैशाख-असार) अवधिको भारित तथा वित्तिय प्रगति विवरण

| | (रु.हजारमा) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रम/क्रियाकलापहरु | वार्षिक लक्ष्य | | | चौथो त्रैमासिक लक्ष्य | | | चौथो त्रैमासिक | बार्षिक | कैफियत |
| | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | भारित प्रगति | भारित प्रगति | |
| पूँजीगत तर्फ | १२ | ४.६८ | २४९१ | ० | २.९ | १५३० | १०० | १०० | |
| चालू तर्फ | ५९२२ | ९५.३२ | ५०३७८ | ११२८ | २९.०६ | १५३५४ | ९५.८४ | ९७.७२ | |
| जम्मा | **५९३४** | **१००** | **५२८६९** | **११२८** | **३१.९६** | **१६८८४** | **९६.३४** | **९७.८५** | |

**वित्तिय प्रगति विवरण**

| कार्यक्रम/क्रियाकलापहरु | वार्षिक विनियोजन | चौथो त्रैमासिक विनियोजन | चौथो त्रैमासिक खर्च | चौथो त्रैमासिक खर्चको प्रतिशत | बार्षिक खर्च | बार्षिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| पूँजीगत तर्फ | २४९१ | १५३० | ८२५.१० | ५३.९३ | २४८०.१० | ९९.५८ |
| चालू तर्फ | ५०३७८ | १५३५४ | ३३५९९.९० | २१८.८३ | ४२२९४.१० | ८३.९५ |
| **जम्मा** | **५२८६९** | **१६८८४** | **३४४२५** | **२०३.८९** | **४४७७४.२०** | **८४.६९** |

## १०. सूचनाको हक अन्तर्गत सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

स्थानीय सञ्चार माध्यम/पत्रकारहरुसँग नियमित रुपमा भेटघाट, अन्तर्क्रिया हुने गरेको तथा सूचना मागको लागि कुनै निवेदन नपरेको।

***थप जानकारी तथा सम्पर्कको लागि***

वेवसाईटः piunuwakot.pmamp.gov.np

सामाजिक सञ्जालः www.facebook.com/Pmamp.piu.nuwakot1

सम्पर्क नः ०१०–५६०२१६

०१०–५६०४००

इमेलः pmamp.piu.nuwakot@gmail.com